# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

भीमफेदी गाउँपालिका

२०८१

हिदम लामा

अध्यक्ष

CS Scanned with CamScanner

# भीमफेदी गाउँपलिकाको गाउँसभाको ११ औं अधिवेशनमा २०८१/०३/१० गते सोमबार गाउँपालिकाको उपाध्यक्ष श्री सन्जिब श्रेष्ठज्यूले पेश गर्नुभएको

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

# नीति तथा कार्यक्रम

२०८१

भीमफेदी गाउँपालिका

**www.bhimphedimun.gov.np**

हिदम लामा
अध्यक्ष

Scanned with CamScanner

आजका यस गरिमामय सभाका सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरू,सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. मुलूकमा संघीय शासन प्रणालीको शुरुवातसंगै अवलम्बन भएको ३ तहको शासकीय व्यवस्था बमोजिम भीमफेदी गाउँपालिकाको गाउँ सभाको एघारौं अधिवेशनमा यस गाउँपालिकाको आगामी आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।आजको यस महत्त्वपूर्ण घडीमा लोकतन्त्र प्राप्ति तथा गणतन्त्रको उपलब्धिलाई संरक्षण गर्नका लागि समय समयमा भएका नेपाली जनताको बलिदानपूर्ण संघर्ष तथा जनआन्दोलनका क्रममा दिवङ्गत हुनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै घाइते हुनु भएका सम्पूर्णमा शीघ्र स्वास्थलाभको कामना गर्दछु।

२. स्थानीय सरकार लोकतन्त्रका पाठशाला हुन् । स्थानीय सरकार नै संघीयता कार्यान्वयनको प्रमुख एवं अभिन्न अङ्ग भएकोले सवल एवं सक्षम स्थानीय सरकारले नै संघीयता कार्यान्वयनलाइ मजबुत बनाउन सक्दछ । स्रोत साधनको न्यायोचित वितरण, अधिकार, पहुच एवं अवसरलाई नागरिकको घर दैलोमा पुर्याउनमा स्थानीय सरकारको प्रमुख एवं महत्वपुर्ण भुमिका रहन्छ। स्थानीय सरकार प्रत्येक नागरिकको अभिभावक हो, जसले नागरिकलाई आधारभूत, विकासात्मक र सेवात्मक सुविधा उपलब्ध गराउँदछ। स्थानीय सरकार नागरिकले हेर्दा देखिने, छाम्दा भेटिने र बोलाउँदा सुनिने सरकार समेत हो ।

३. बढ्दो सार्वजनिक ऋणको भार, तीव्र शहरीकरण, निराशापूर्ण उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा र विश्वव्यापी आर्थिक मन्दीको असरले मुलूकको अर्थतन्त्र कमजोर अवस्थामा छ। सो को प्रभाव संघीय र प्रदेश सरकारको आगामी वर्षको बजेटमा परिसकेको छ । यसर्थ यस गाउँपालिकाको आगामी वर्षको बजेटको आकार पनि केही घट्ने अनुमान गरिएको छ ।

४. लोककल्याणकारी राज्य व्यवस्थाको अवधारणा बमोजिम स्थानीय जनताको इच्छा, चाहना र अधिकारलाई केन्द्रविन्दुमा राखी जनआकाँक्षा र जनभावना प्रतिबिम्बित हुने खालका कार्यक्रम र आयोजना तय गरी सो को प्रभावकारी कार्यान्वयनबाट नागरिकलाई सन्तुष्टी प्रदान गर्न भीमफेदी गाउँपालिका प्रतिबद्ध छ। यसका लागि सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा पनि गाउँपालिकाले राखेको छ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

सभाध्यक्षज्यू,

अब म चालु आ.व.२०८०/८१ मा यस गाउँपालिकाले गरेका मुख्य मुख्य कामहरुको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) आर्थिक विकासतर्फ

५. रैथाने बाली खेती प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम अन्तर्गत १ देखी ८ नं वडाहरुमा कोदो खेती गर्ने कृषकहरुलाई ३ देखि ९ रोपनी सम्म कोदो खेति गर्दा प्रति रोपनी २०००/- (अक्षरुपी रु. दुई हजार मात्र/-) र १० देखि १५ रोपनीको हकमा प्रति रोपनी रु. १८००/- (अक्षरुपी रु. एक हजार आठ सय मात्र/-) दरले कुल २०,३०,०००/- (अक्षरुपी रु. बिस लाख तिस हजार मात्र/-) प्रोत्साहन रकम कृषकहरुलाई भुक्तानी गरिएको छ।

६. भीमफेदी गाउँपालिका वडा नं २, ६ र ७ मा सञ्चालित हिउँदे तथा बर्षे फलफूल खेति विस्तार कार्यक्रममा ११ जना कृषकहरु लाभान्वित भएका छन्। उक्त कार्यक्रम अन्तर्गत ९० बटा कंक्रिट पोल/थाँक्राका लागि आवश्यक रड र तारहरुका साथै ६५० वोट किवीको विरुवाहरु वितरण गरिएको छ।

७. कृषि बालीको एकिकृत शत्रुजीव व्यवस्थापन खेती प्रणाली सम्बन्धि सैद्धान्तिक एवं प्रयोगात्मक ज्ञान प्रदान गर्ने उद्देश्यले वडा नं ३, इक्चुङ्ग र वडा नं ७, कोगटेका कुल ५० जना कृषकहरुका लागि कृषक पाठशाला कार्यक्रम (IPM) सञ्चालन गरिएको छ।

८. कृषि उत्पादकत्व वृद्धिका लागि गाउँपालिकाको ५० प्रतिशत अनुदानमा १ हजार १ सय ७९ के.जी. हाइब्रिड मकैको विउ र १ हजार १ सय १६ के.जी हाइब्रिड धानको बीउ वितरण गरिएको छ। यस कार्यक्रमबाट कुल ५२१ जना कृषकहरु लाभान्वित भएका छन्।

९. भीमफेदी गाउँपलिका अन्तर्गतका कुल १०५० जना कृषकहरुलाई मौसमी तथा बेमौसमी तरकारीका बीउहरु वितरण गरिएको छ । व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई लक्षित गरि १३२ वटा इलेक्ट्रिक स्प्रेयर पम्प वितरण गरिएको छ।

१०. कृषि पेशालाई आधुनिकीकरण तथा यान्त्रिकीकरण गरी सरल र सहज बनाउनुका साथै कृषि पेशालाई मर्यादित र व्यवसायिकरणतर्फ उन्मुख गराउने उद्धेश्यका साथ चालु आ.व. मा पनि विभिन्न कृषि औजारहरु जस्तै: मिनि टिलर (७ h.p) को ६७ थान, मिनि टिलर (५ h.p) को ३३ थान, कम्वाईन मिल-१७ थान र च्याफ्कट्टर ३० थान वितरण गरिएको छ। उक्त कार्यक्रम बाट १२० जना कृषकहरु लाभान्वित भएका छन्।

११. मकै वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ९ मा अवस्थित सयपत्री कृषि सहकारी संस्था लि. सँग सम्झौता भए बमोजिम ३०० के.जी रामपुर कम्पोजिट बीउ वितरण गरी कृषकहरुलाई मकै खेती सम्बन्धि तालिम सञ्चालन गर्नुका साथै ११ थान- मिनिटिलर(७ hp) ,१४ थान -मिनि टिलर (५hp) र ६ थान- स्प्रे पम्प समेत वितरण गरिएको छ ।

हिदम लामा
अध्यक्ष



CS Scanned with CamScanner

१२. तरकारी वालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा [illegible] अवस्थित भीमसेन साना किसान कृषि सहकारी संस्था संग सम्झौता गरी वडा नं ४, ५, ६ मा कार्यक्षेत्र तोकि कुल २८ वटा बाँस तथा ४ वटा फलामे गरि कुल ३२ वटा टनेल हाउस निमार्ण कार्य सम्पन्न भएको छ भने ७ Hp क्षमताको ६ थान मिनिटिलर ५ Hp क्षमताको २ थान मिनि टिलर वितरण गरिएको छ ।

१३. बेमौसमी तरकारी खेतीलाई विस्तार गर्ने उद्धेश्यका साथ चालु आ.व. ०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाको ५० % अनुदानमा १० वटा फलामे र १६ वटा बाँसको टनेल हाउसको निर्माण कार्य सम्पन्न भएको छ ।

१४. भीमफेदी गाउँपालिकाले यस आ.व. ०८०/०८१ मा सहजकर्ता मार्फत कुल २०१५ किसानहरुहरुको कृषि तथा पशुपन्छी तथ्याङ्क विवरण प्रविष्ट गरिएको छ।

१५. भीमफेदी गाउँपालिकाबाट ५०% अनुदानमा वडा नं २ र ७ मा २१५० के.जी प्राङ्गारिक मल वितरण गरिएको छ।

१६. भीमफेदी गाउँपलिका वडा नं ५, ६ र ८ मा कृषक तथा कृषि फर्म सँगको सहकार्यमा स्ट्रवेरी खेती विस्तार कार्यक्रम अन्तर्गत स्ट्रवेरीको वेर्ना, थोपा सिंचाई सेट र मल्चिङ्ग प्लाष्टिक वितरण गरिएको छ। जसबाट कुल २५ जना कृषकहरु लाभान्वित भएका छन्।

१७. गाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिकाको ५०% अनुदानमा वा ४०,००० (अक्षरुपी चालिस हजार रुपैंया मात्र/-) रकमबाट नबढ्ने गरी वडा नं २,४ र ५ मा ३१ जना कृषकहरुलाई ३१ वटा दुधालु जर्सी /होलष्टेन क्रस गाई वितरण गरिएको छ। जसबाट दैनिक ३५० लिटर दुग्धको उत्पादन हुने अनुमान गरिएको छ।

१८. भीमफेदी गाउँपालिका वडा नं ७ मा श्री अमुल्य कृषि सहकारी मार्फत दुधालु मुर्रा क्रस १५ वटा भैंसी गाउँपालिकाको ५०% अनुदानमा वा ५०,००० (अक्षरुपी पचास हजार रुपैंया मात्र/-) रकमबाट नबढ्ने गरी १५ जना लाभग्राहीहरुलाई वितरण गरिएको छ। जसबाट दैनिक १२० लिटर दुग्धको उत्पादन हुने अनुमान गरिएको छ।

१९. भीमफेदी गाउँपालिका वडा नं १,३,७ र ८ मा सञ्चालित निशुल्क एकीकृत पशु स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत करिब ४३० घरधुरीका स्थानीयहरु लाभान्वित भएका छन्। जसबाट पशुहरुको स्वास्थ्य अवस्थामा सुधार भई उत्पादनमा वृद्धी हुने अपेक्षा गरिएको छ।

२०. यसैगरी गाउँपालिका क्षेत्र भित्र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरु रोकथाम र नियन्त्रण गर्ने उद्देश्यले सञ्चालित निशुल्क पशुपंक्षी खोप कार्यक्रम अन्तर्गत पी.पी.आर.रोग विरुद्ध करिब २८००० बाख्रामा, खोरेत विरुद्ध करिब २५०० गाईभैंसीमा, लम्पी स्किन रोग विरुद्ध १५०० गाईभैंसीमा र रेबिज रोग विरुद्ध ३०० कुकुरमा खोप लगाईएको छ ।

२१. निःशुल्कमा परजिवि विरुद्ध औषधी वितरणबाट गाउँपालिकाका करिब ११०० घरधुरी लाभान्वित भएका छन् । यसबाट वस्तुभाउको स्वास्थ्यमा सुधार तथा उत्पादनमा प्रभावकारी वृद्धि भएको छ।

हिदम लामा
अध्यक्ष



CS Scanned with CamScanner

२२. निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम मार्फत ७०० वटा गाईभैंसीमा निःशुल्क कृत्रिम गर्भाधान सम्बन्धी सेवा प्रदान गरिएको छ।

२३. पशु सेवा केन्द्रबाट सेवा प्रवाहका लागि आवश्यक औषधी खरिद गरी ९०० जना कृषकहरुलाई निशुल्क औषधी उपचार तथा औषधी वितरण गरिएको छ।

२४. प्रत्येक वडामा पशुपंछीमा लाग्ने रोग सम्बन्धी घुम्ति तालिम कार्यक्रम सञ्चालन गरी जम्मा ५४० कृषकलाई पशुपंछीमा लाग्ने रोग सम्बन्धी जानकारी गराइएको छ ।

२५. भीमफेदी गाउँपालिकाका स्थानीयहरुलाई उद्यमशीलता विकासमार्फत स्वरोजगार बनाउने उद्देश्य अनुरुप उद्यम विकास शाखामार्फत सञ्चालित स्तरोन्नति दुग्धजन्य परिकार तयारी, स्तरोन्नति हाते होजियारी, होमस्टे, गार्मेन्ट, सिलाई कटाई, व्यवसायिक अचार तयारी सम्बन्धी तालिम लगायतका सीप विकास तालिम कार्यक्रमबाट चालु आर्थिक वर्षमा मात्रै ६५ जना व्यक्ति स्वरोजगार भएका छन् । यसैगरी अघिल्लो आर्थिक वर्षमा तालिम प्राप्त गरेका उद्यमीहरुलाई उद्यम व्यवसायमा दिगोपना कायम गर्न पुनर्ताजगी तालिम प्रदान गरिएको छ ।

२६. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म २२ वटा नयाँ व्यवसाय दर्ता भएका छन् । प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ बमोजिम यस गाउँपालिकामा दर्ता हुने फर्मको संख्या ७८ पुगेको छ ।

२७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार व्यक्तिहरुमध्ये पहिलो प्राथमिकताक्रममा परेका ४० जना बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाको लागत साझेदारीमा ( हाते औजार खरिद र निर्माण सामाग्रि खरिद) कामका लागि पारिश्रमिकमा आधारित रोजगार आयोजना सञ्चालन गरी न्यूनतम रोजगारी प्रदान गरिएको छ।

२८. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा ९८ जना श्रमिकहरुलाई आवद्ध गराई सामाजिक सुरक्षा योजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुका साथै सम्माननीय सभामुख देवराज घिमिरेज्यूद्वारा योजनाको औपचारिक शुभारम्भ गरिएको छ।

२९. रोजगार सेवा केन्द्रद्धारा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि पुनः श्रम स्वीकृति सम्बन्धी कार्यमा सहजिकरण गर्दै आईरहेको छ।

## (ख) सामाजिक विकासतर्फ

३०. गाउँपालिकाभित्रका विद्यालयहरुमा संघीय सरकारबाट प्रदान गरिएको कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रमलाई गाउँपालिकाले बजेट विनियोजन गरी कक्षा ८ सम्मका लागि विस्तार गरिएको छ ।

३१. स्वर्णीम शिक्षक अवकाश योजना अन्तर्गत २ जना शिक्षक लाभान्वित भएका छन् । गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयका बालविकास सहजकर्ता कर्मचारीलाई संघीय सरकारमार्फत प्राप्त हुने तलब सुविधामा थप गरी मासिक रु.१५ हजार पुर्याइएको छ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

३२. गाउँपालिका अन्तर्गतका ४६ वटा विद्यालयका प्रधानाध्यापक, लेखापाल र ICT शिक्षकहरुलाई सूचना प्रविधिसँग सम्वन्धित क्षमता विकास गराईएको छ।

३३. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-८ का सम्पूर्ण छात्रा र दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ।

३४. भीमफेदी गाउँपालिका वडा नं.८ स्थित श्री प्रा.वि, स्वाँराको ८ कोठे पक्की भवन निर्माण कार्य सम्पन्न भएको छ ।

३५. भीमफेदी गाउँपालिका वडा नं. २ र ९ को विपन्न चेपाङ्ग र तामाङ्ग समुदायका बालबालिकाहरुलाई सुरक्षित र व्यवस्थित शिक्षण सिकाई गर्ने उद्धेश्यले पोखरी प्रा.वि.को विद्यालय भवन निर्माणको कार्य सुरुवात गरिएको छ।

३६. गाउपालिकाको बिकट बस्तिको रुपमा रहेको भीमफेदी-१ मच्छेबास क्षेत्रका बालबालिकाहरुको शिक्षामा पहुँच पुर्याउने उद्देश्यले मच्छेबास बालविकास केन्द्र भवन, खानेपानी तथा बालमैत्री शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ।

३७. भीमफेदी गाउँपालिका वडा नं. ८ स्थित श्री पञ्चकन्या मा.वि. मा व्यवस्थित र सुविधा सम्पन्न छात्रवास निर्माण कार्य सुरुवात गरिएको छ।

३८. गाउँपालिकाभित्रका विद्यालयहरुमा ICT पुस्तकालय र विज्ञान प्रयोगशाला सञ्चालन कार्यक्रमलाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ।

३९. प्रशामक सेवा व्यवस्थापनको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा व्याग र अत्यावश्यक औषधी तथा उपकरण सहित प्राथमिक उपचार बाकस वितरण गरी ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवालाई गाउँघर क्लिनिक मार्फत प्रत्येक महिना सम्वन्धित टोलहरुमा सञ्चालन गरिएको छ । साथै सुगर, प्रेसर परीक्षण कार्यक्रमलाई गाउँघर क्लिनिक कार्यक्रमसँगै सञ्चालनमा ल्याइएको छ ।

४०. प्रशामक सेवा अन्तर्गत प्रशामक सेवा आवश्यक बिरामीहरुलाई घरदैलोमा गई स्वास्थ्य परीक्षण, परामर्श, औषधी वितरण तथा उपचार सेवा उपलब्ध गराइएको छ ।

४१. "घरघरमा हरियो झण्डा, गर्भवतीको हातमा अण्डा" कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

४२. फ्रि-ब्लड ट्रान्सफ्युजन कार्यक्रम अन्तर्गत आकस्मिक रुपमा रगत आवश्यक परेका बिरामीहरुलाई रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क मानव रगत उपलब्ध गराउने कार्य सुरु गरिएको छ ।

४३. ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्स-रे कार्यक्रम सञ्चालन गरिएको छ ।

४४. साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संवर्द्धन र प्रवर्द्धनसँग सम्वन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोग गरिएको छ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

४५. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परीक्षण, सहायक सामग्री नाप जाँच तथा वितरण गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको उपचार सेवा तथा पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिएको छ ।

४६. क र ख वर्गको अपाङ्गता भएका १९ जना व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र लिन आउँदा र जाँदाको यातायात तथा खाना खर्च वापतको रकम उपलब्ध गराइएको छ ।यसैगरी घरेलु हिंसा प्रभावित महिलाहरुको लागि अल्पकालीन आश्रयस्थल सहितको सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गरिएको छ ।

४७. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत गाउँपालिकाको सबै वडाहरुमा ६८ वर्ष देखि ७५ वर्ष सम्मका ८८३ जना ज्येष्ठ नागरिकहरुलाई न्यानो सिरक वितरण सहित सम्मान गरिएको छ ।

४८. गाउँ कार्यपालिकाको कार्यालयमा न्यायिक इजलास तयार गरी औपचारिक रुपमा उद्घाटन गरिएको छ।

४९. भीमफेदी गाउँपालिकाको सबै वडाहरुमा ६७ जना मेलमिलापकर्ताहरु सूचिकृत गरी मेलमिलाप सम्बन्धी कार्य अगाडि बढाईएको छ ।यसका साथै गाउँपालिकाका सवै वडाहरुमा टोलस्तरीय कानूनी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ ।

५०. न्यायिक सम्पादनतर्फ गाउँपालिकाको न्यायिक समितिमा अघिल्लो वर्षको जिम्मेवारी सारिएको ४ वटा विवाद दर्ता भएको र स्थानीय मेलमिलाप केन्द्रमा दर्ता हुन आएका कुल १०३ विवादहरुमध्ये ८० वटा विवाद समाधान तथा मेलमिलाप भएका छन् भने २३ वटा विवाद हाल छलफलको क्रममा रहेका छन् ।

## (ग) पूर्वाधार विकासतर्फ

५१. ऐतिहासिक चिसापानी गढी संरक्षण तथा पूर्वाधार निर्माण अन्तर्गत पहिलो चरणको कार्य सम्पन्न गरिएको छ।

५२. १५ शैय्याको पृथ्वीचन्द्र अस्पताल भवन निर्माणाधीन अवस्थामा रहेको छ । आगामी आर्थिक वर्षबाटै नवनिर्मित अस्पताल भवनबाट सेवा प्रवाह सुचारु हुने अपेक्षा गरिएको छ ।

५३. भीमफेदी गाउँपालिका वडा नं. ७ मा रष्टिक स्टोर भवन निर्माण कार्य सम्पन्न भएको छ। जसको भण्डारण क्षमता १६ टन वरावर रहेको छ।

५४. भीमफेदी गाउँपालिका वडा नं. ८ मा अवस्थित धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको लट्टरम्भेश्वर महादेव मन्दिरमा बिजुली र लिफ्टिङ प्रणाली मार्फत खानेपानी पुर्याउन सफल भएको छ।

५५. भीमफेदी गाउँपालिका वडा नं. १ सानुटार मच्छेबास किसेडि घैराङ्ग सडक स्तरोन्नति तर्फ ६०० मिटर सडक स्ल्याब ढलान कार्य संम्पन्न भएको छ।

हिंदस लामा
अध्यक्ष



Scanned with CamScanner

५६. भीमफेदी गाउँपालिका वडा नं. ९ च्याउखोला खड्कधार सिँचाई आयोजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

५७. च्यासुर गंगटे मेलटार खसेडाँडा खानेपानी योजना सम्पन्न भई एक घर एक धाराको व्यवस्था भएको छ।

५८. धोर्सिङ्ग क्यामुन्टार झोलुङ्गे पुल निर्माण कार्य अन्तिम चरणमा रहेको छ। गाउँपालिकाको रणनैतिक महत्वका सडक पूर्वाधारहरुको निर्माणको कार्य भइरेहको छ ।

## (घ) वातावरण तथा विपद व्यवस्थापनतर्फ

५९. प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट प्रभावित व्यक्ति/परिवार/संस्थालाई राहत उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गरिएको छ । विपद व्यवस्थापनसँग सम्बन्धित अन्य कानूनी व्यवस्था तथा औजार उपकरणहरुको व्यवस्थापन गरिएको छ ।

६०. यसैगरी गाउँपालिका क्षेत्रभित्रका संभावित विपदबाट जोखिम उत्पन्न हुनसक्ने स्थानहरुमा तटबन्ध लगाउने, भू-क्षय हुनसक्ने स्थानहरुमा वृक्षारोपण लगायतका कार्यहरु गरिएका छन् ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ

६१. गाउँपालिकामा रिक्त रहेका विभिन्न सेवा, समुह र उपसमुहका दरबन्दी क्रमशः पदपूर्ति गर्दै लगिएको छ । गाउँपालिकाका पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि विभिन्न किसिमका तालिम, अभिमुखीकरण कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरिएको छ। साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्थानीय तहको विभिन्न सेवा, समुह, उपसमुहमा कार्यरत ३ जना कर्मचारीहरुको तहवृद्धि गरिएको छ ।

६२. गाउँपालिकाबाट हुने भुक्तानी प्रणालीलाई छिटो, सरल, विश्वसनीय र प्रविधिमैत्री बनाउन कर बाहेकका प्रत्येक आर्थिक कारोवार इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) मार्फत गरी ई-गभर्नेन्सको अवधारणालाई आत्मसात गरिएको छ ।

६३. सार्वजनिक खरीद प्रकृयालाई वस्तुनिष्ठ, पारदर्शी, प्रतिस्पर्धी वनाउन epg मार्फत खरिद गर्ने कार्यलाई अवलम्बन गरिएको छ ।

६४. वडा नं.५ को प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ ।

६५. गाउँपालिकाले चालु आर्थिक वर्षमा रु.४ करोड ९३ लाख आन्तरिक आय सङ्कलन गर्ने प्रक्षेपण गरेको जसमध्ये ढुङ्गा,गिट्टी,वालुवा तथा नदीजन्य पदार्थको विक्री मार्फत रु.३ करोड ५० लाख आय संकलन गर्ने लक्ष्य राखेकोमा IEE प्रतिवेदन तयारी तथा स्वीकृतिमा केहि नीतिगत समस्या तथा विलम्व हुँदा लक्ष्य अनुरुपको राजस्व संकलन हुन सकेको छैन । नदीजन्य पदार्थको विक्री मार्फत संकलन



हिदम लामा
अध्यक्ष

Scanned with CamScanner

हुने राजस्व बाहेक अन्य क्षेत्रको राजस्व संकलन पनि प्रक्षेपित आयको करिब ७० प्रतिशत हुने देखिन्छ ।

६६. सबै वडा कार्यालयहरुमा व्यक्तिगत घटना दर्ताहरुको अभिलेखलाई सुरक्षित र व्यवस्थित गर्नका लागि VPN (Virtual Private Network) प्रणाली लागू गरिएको छ। साथै तेस्रो त्रैमासिक देखि सामाजिक सुरक्षा भत्ता वितरणको लागि EFT ( Electronic Fund Transfer) प्रणाली लागू गरिएको छ।

सभाका सदस्यज्यूहरु,

६७. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकारका विभिन्न ऐन, कानून, नियमहरु, नेपाल सरकारको सोह्रौं योजना, बागमती प्रदेशको आवधिक योजना, यस भीमफेदी गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना, संघीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि, सम्झौताहरु, संयुक्त राष्ट्रसंघको दीगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको गत आ.व.को बार्षिक नीति, बजेट तथा कार्यक्रम, गाउँ कार्यपालिका बैठकका विभिन्न निर्णयहरु, गाउँपालिकाले निर्माण गरेका विभिन्न कानूनी व्यवस्थाहरु,निर्वाचनपूर्व जनतासामू घोषणा गरेका प्रतिबद्धताहरु, गाउँपालिकाबासीको आवश्यकता, माग तथा यस गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था, आर्थिक मन्दी र मनसुनजन्य जलउत्पन्न प्रकोपबाट सृजित चुनौति तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयहरुलाई आधार मानी यस भीमफेदी गाउँपालिकाको आ.व.२०८१/८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

सभाध्यक्षज्यू,

अब म यस भीमफेदी गाउँपालिकाको आ.व.२०८१/८२ को क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

## (क) आर्थिक विकास तर्फ

### कृषि तथा पशु

६८. कृषि उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसँग प्रत्यक्ष समन्वय गरिनेछ। साथै गाउँपालिकाका कृषकहरुद्वारा उत्पादित मूख्य बालीहरुको न्यूनतम समर्थन मूल्य तोकिनेछ।

६९. कृषि उत्पादन वृद्धिका लागि उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत उत्पादित तरकारी तथा खाद्यान्न बालीहरुमा मूल्य अनुदान प्रदान गरिनेछ।

हिदम लामा
अध्यक्ष

७०. उत्पादनोपरान्त हुने क्षति न्यूनीकरणको लागि कोल्ड स्टोरेजको व्यवस्था गर्न आवश्यक समन्वय गरी विशेष अनुदान दिइनेछ।

७१. स्थानीय उत्पादनहरु तथा रैथाने वालिको प्रवर्द्धन को निम्ति स्थानीय बजार बाट विक्रि गर्ने गरि उत्पादन लाई बजारसंग जोड्ने व्यवस्था मिलाईनेछ।

७२. गाउँपालिका अन्तर्गतका कृषि उपज संकलन र प्रशोधनमा विशेष प्राथिमिकतामा राखि कार्यक्रम सञ्चालन गरिनेछ।

७३. कृषि सेवा केन्द्रमा माटो परीक्षण प्रयोगशाला स्थापना गरी निःशुल्क माटो परीक्षण सेवा प्रदान गरिनेछ। परीक्षणको आधारमा प्राङ्गारिक मल, कृषि चुन तथा सुक्ष्म तत्वहरु गाउँपालिकाको अनुदानमा वितरण गरिनेछ।

७४. सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका वस्तुहरुको पहिचान गरी पकेट क्षेत्र, सामुहिक खेति, करार खेति तथा चक्लाबन्दी खेति लाई प्रोत्साहन गरिनेछ ।

७५. कृषकहरुको कृषि तथा पशुपन्छी तथ्याङ्क प्रविष्ट तथा अध्यावधिक गरि वास्तविक तथ्याङ्क विवरण प्रकाशित गरि कृषकको वर्गिकरण गरिनेछ।

७६. कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषक तालिम, मेला प्रदर्शनी, कृषक दिवस, प्रतियोगिता, कृषक पाठशाला, उत्कृष्ट कृषक सम्मान, बाली उपचार शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

७७. प्राङ्गारिक खेति पद्धतीलाई जोड दिदै प्राङ्गारिक खेति प्रवर्द्धन क्षेत्र स्थापना गरिनेछ।

७८. विपन्न कृषकको क्षमता अभिवृद्धि गरी एक वडा एक उत्पादन कार्यक्रम सुरुवात गर्ने नीति अवलम्बन गरिनेछ।

७९. भीमफेदी गाउँपालिका वडा नं ६ स्थित पाँग्रेटारमा निर्मित कृषि उपज संकलन तथा विक्री केन्द्रलाई थप पुर्वाधार सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि सञ्चालनमा ल्याइने छ ।

८०. कृषियोग्य भूमिको प्रयोग बढाउन र बाँझो जमिनलाई उपयोगमा ल्याउन "भूमि बैंक" स्थापना गरिनेछ। गाउँपालिकाभित्र जग्गा जमिन भई जमिन बाँझो छाडी अन्यत्र बसोवास गर्ने जग्गाधनीहरुको जग्गा कृषिजन्य तथा अन्य विविध प्रयोजनका लागि उपयोग गर्न चाहने व्यक्ति/संस्थालाई भाडामा उपलब्ध गराउन गाउँपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

८१. गाउँपालिका भित्रका कृषकहरुलाई कृषि तथा पशु सम्बन्धी निःशुल्क परामर्श सेवा उपलब्ध गराउन किसान कल सेन्टरको सञ्चालनलाई प्रभावकारी वनाइनेछ। साथै कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

८२. परम्परागत तथा जीवन निर्वाहमुखी कृषि पेशालाई आधुनिकिकरण गर्दै कृषि पेशालाई व्यवसायिक र मर्यादित बनाई युवावर्गलाई कृषि पेशाप्रति आकर्षित गर्न विभिन्न किसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

८३. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा र साझेदारीमा सिँचाई सुविधा नपुगेका कृषियोग्य भूमिमा ठूला तथा साना सिँचाई आयोजनाहरु सञ्चालन गरिनेछ। मर्मत र स्तरीकरण गर्नुपर्ने सिँचाई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

८४. कृषकहरुको आय आर्जन बृद्धि गर्नका लागि कृषकको माग बमोजिम गाईपालन भैसीपालन बाख्रापालन कार्यक्रम प्रवर्धन गरिने छ ।

८५. पशुहरुमा महामारीको रुपमा देखिने पिपिआर, खोरेत, लम्पी स्किन जस्ता रोगहरुको रोकथाम र नियन्त्रणका लागि निःशुल्क खोप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।आकस्मिक रोग उपचार सेवा प्रवाहका लागि आवश्यक औषधी उपचारको व्यवस्था गरिनेछ ।

८६. गाईभैंसीहरुमा नश्लसुधार गराई किसानलाई दुध उत्पादनमा आत्मनिर्भर बनाउन निःशुल्क कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिनेछ।

८७. "नियमित खोप तालिका, रेविजमुक्त भीमफेदी गाउँपालिका" भन्ने नारा सहित पूर्णरुपमा रेविज रोग नियन्त्रणका लागि निःशुल्क खोप तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८८. पशुसेवा केन्द्रहरुमा आवश्यक उपकरणहरुको व्यवस्था गरी निरन्तर रुपमा आधारभूत प्रयोगशाला तथा रोग उपचार सेवा प्रदान गरिनेछ ।

८९. हरेक वडाबाट नि:शुल्क आन्तरिक तथा बाह्य परजिवि विरुद्ध आवश्यकता अनुसार औषधी वितरण गरिनेछ ।

९०. ईपिमियोलोजिकल रिपोर्टिङ गरी पशुपालन सम्वन्धी विवरण प्रविष्ट गरिनेछ । सो अनुसार आगामी वर्षमा रिपोटिङ अनुसार नीति तथा कार्यक्रम बनाईनेछ ।

९१. पशुपालन गरेका कृषकहरुलाई विभिन्न खालको जानकारीमुलक तालिम दिइनेछ ।

९२. गाउँपालिका क्षेत्रभित्रको अगुवा कृषकलाई अध्ययन अवलोकन भम्रण गराइनेछ ।

९३. उन्नति, विकास र नाफामुलक पशुपालन गर्नका लागि गोठ/खोर सुधार कार्यक्रम अघि बढाइनेछ।

९४. मिल्क होलिडेलाई अन्त्य गर्ने लक्ष्यले किसानहरुलाई दुग्ध परिकार बनाउने तालिम तथा आवश्यकता बमोजिम प्रविधि हस्तान्तरण गरिनेछ ।

## पर्यटन

९५. वडा नं ९ को सिमभन्ज्याङ्ग-देउराली-कोगटे-महभीर-लटरम्भेश्वर-कान्तिलोकपथ हाइकिङ ट्र्याक (महाभारत लाली गुराँस हाइकिङ ट्रायक) निर्माण गरिने छ ।

९६. भीमफेदी-८ स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलको रुपमा रहेको लटरम्मेश्वर महादेव मन्दिर क्षेत्र तथा भीमफेदी-९ स्थित मैत्रीबगैंचाको थप भौतिक तथा पर्यटन पूर्वाधार विकास गर्दै लगिनेछ । ऐतिहासिक तथा पुरातात्विक महत्वको चिसापानीगढीको संरक्षण तथा पुनःनिर्माण कार्य सम्पन्न गरी पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ ।

हिरम लामा
अध्यक्ष



CS Scanned with CamScanner

९७. पर्यटन विकासको सम्भावना रहेका भीमफेदीमा रहेको ऐतिहासिक भीमसेन मन्दिर र हात्तीसार क्षेत्र, भीमफेदी-४ को गुसेश्वरी गुफा, भीमफेदी-१ मा रहेको प्रसिद्ध धार्मिकस्थल त्रिखण्डेश्वर महादेव मन्दिर र आसपासको क्षेत्र, भीमफेदी-५ स्थित रहेको हात्तीसुढे क्षेत्र, भीमफेदी-२ मा रहेको उर्ग्येन याइफेल लिङ बौद्ध गुम्बा क्षेत्रको भौतिक पूर्वाधार विकास गरी पर्यटन आगमनको केन्द्रको रुपमा विकास गरिदै लगिने छ ।साथै नयाँ पर्यटकीय स्थल र कार्यक्रमहरु पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग र समन्वय गरिने छ ।

९८. पर्यटन प्रवर्धनका लागि भीमफेदी गाउँपालिका वडा न ४ मा बाराही पोखरी निर्माणका लागि सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ ।

९९. ऐतिहासिक भीमफेदी बजारलाई पुनर्जागृत गरी साँस्कृतिक शहरको रुपमा अगाडि बढाउन आवश्यक कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिनेछ ।

१००. भीमफेदी वडा नं ६ गणेश मन्दिरदेखि चोक बजार हुँदै हात्तीसार क्षेत्रसम्मको सडकलाई ऐतिहासिकता झल्किने गरी सौन्दर्यकरण गरिने छ ।

१०१. भीमफेदी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको सिमानामा पर्ने बुड्दल झरना(जोडी झरना) को पूर्वाधार विकासका पहल गरिनेछ ।

१०२. गाउँपालिकामा सञ्चालित होमस्टेहरुको प्रवर्द्धन, विकास तथा प्रचारप्रसार गरिनेछ ।

## उद्योग तथा वाणिज्य

१०३. स्थानीय स्व रोजगार नीति तयार गरी कार्यान्वयन गरिने छ ।

१०४. स्थानीय साधन, श्रोत, सीप तथा पुँजीको उपयोग गरी गाउँमै रोजगारी सृजना गराउने खालका कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ ।

१०५. भीमफेदी गाउँपालिकाभित्र सञ्चालित व्यवसायिक प्रतिष्ठानहरुलाई व्यवसाय करको दायरामा ल्याउन अनिवार्य रुपमा गाउँपालिकामा व्यवसाय दर्ता हुनुपर्ने व्यवस्था गरिनेछ ।साथै आगामी आर्थिक वर्षमा पनि गाउँपालिकाको व्यवसाय कर प्रयोजनका लागि दर्ता हुने व्यवसायको दर्ता शुल्क निःशुल्क गरिनेछ।

१०६. रोजगारको दायरा बढाउन तथा उत्पादनमूलक क्षेत्रमा सहभागिता बढाउन तथा गाउँपालिकास्तरमा सञ्चालन हुने घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी उद्यमीहरुलाई व्यवसायिक बनाउन उद्यम विकाससँग सम्बन्धित सीपमुलक तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. परम्परागत सीप र क्षमताको प्रवर्द्धन र विकास गरी तुलनात्मक लाभ प्रदान गर्ने खालका घरेलु उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०८. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप र ज्ञानलाई स्थानीय रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन गरी उपयोग गर्ने नीति लिइनेछ ।साथै गाउँपालिकामा गरिबी निवारणमा सहयोग पुग्ने गरी गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१०९. मागमा आधारित तिन खम्बा नीति अवलम्बन गरी व्यवसायिक सीप विकास तालिम तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११०. उद्यमी बन्न चाहने महिला र युवाहरुलाई व्यवसायिक योजनाका आधारमा बैंक मार्फत सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

१११. निजी क्षेत्रलाई प्रोत्साहन तथा आकर्षण गर्न लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारीमा काम गर्ने गरी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिने छ ।

११२. प्रदेश सरकारसँगको सहकार्यमा स्प्रिङ्गल, मिनिरल वाटर उद्योग र गुन्द्रुक उद्योग संचालनमा ल्याइने छ ।

## सहकारी

११३. सहकारी संस्थाको संस्थागत क्षमता विकास, संस्थागत सुशासन कायम गर्न सम्बन्धित निकायहरुसँगको समन्वय र साझेदारीमा आवश्यक तालिम, कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११४. सहकारी व्यवस्थापन तथा नियमनसँग सम्बन्धित आवश्यक नियम,कार्यविधि तथा मापदण्डको निर्माण गरिनेछ ।

११५. सहकारी संस्थाहरुको नियमित अनुगमन, नियमन तथा अभिलेख व्यवस्थापन गरी सक्रिय र निष्क्रिय सहकारी संस्थाहरुको वर्गीकरण गरी निष्क्रिय संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ ।

११६. सहकारी क्षेत्रलाई पालिकावासीको आर्थिक सबलीकरणको मुख्य साझेदारको रुपमा स्थापित गरिनेछ। सहकारीसँग सम्बन्धित आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा

११७. प्रधानमन्त्री रोजगार कार्यक्रमको व्यवस्थित कार्यान्वयन मार्फत स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिहरुलाई सूचीकृत गरी रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत अद्यावधिक गरिनेछ।

११८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत विभिन्न सार्वजनिक निर्माण तथा मर्मत सम्भारका आयोजनाहरु सञ्चालन गरिनेछ।

११९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने रोजगार आयोजनाहरुको दिगोपना र गुणस्तर कायम गर्नका लागि गाउँपालिकाद्वारा बजेट विनियोजन गरी लागत साझेदारीमा आयोजना सञ्चालन गरिनेछ।

१२०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृतिको अनलाइन आवेदन सम्बन्धी कार्य गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिनेछ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१२१. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरू (मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता प्रदान, अङ्गभङ्ग भएकालाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, उद्धार तथा खोजतलास सम्बन्धी कार्य र छात्रवृत्ति सहायता। स्थानीय तहबाटै प्राप्त गर्न रोजगार सेवा केन्द्र मार्फत सहजीकरण गरिनेछ।

१२२. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई निरन्तरता प्रदान गर्दै आगामी आर्थिक बर्षमा थप १०० जना योगदानकर्ताहरुलाई समेटि जम्मा २०० जना श्रमिकहरुलाई योजना कार्यक्रममा आवद्ध गरिनेछ ।

१२३. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको पूर्व सिकाइ मान्यता (RPL) विधिवाट सीप परीक्षण गरी प्रमाणपत्र प्रदान गरिनेछ।

१२४. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन रोजगारमा जाने व्यक्तिहरुका लागि नेपाल सरकारसँगको साझेदारीमा सुरक्षित आप्रवास कार्यक्रम आगामी आर्थिक वर्षदेखि सुरुवात गरिने छ ।

## (ख) सामाजिक विकास तर्फ

### शिक्षा, युवा तथा खेलकुद विकास

१२५. प्रारम्भिक बालकक्षा १-३ लाई विशेष सुधार तथा सुदृढ गर्दै क्रमशः सवै विद्यालयलाई प्रविधिमैत्री, स्रोतसामाग्रीयुक्त, शान्तिमैत्री, द्वन्द/कुलत रहित, समतामूलक, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, समावेशी तथा स्वच्छ वातावरणमैत्री बनाउँदै प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई गुणस्तरीय, प्रभावकारी, सर्वव्यापी, जीवनउपयोगी, प्रतिस्पर्धी, सीपयुक्त, व्यवहारिक, प्रविधिमैत्री, रोजगारीमूलक र उत्पादनमूखि बनाई देश विकासको विभिन्न क्षेत्रमा आवश्यक पर्ने मानव संशाधन निर्माणको आधारशीलाको रुपमा व्यवस्थित तथा स्थापित गरिने नीति लिईएको छ ।

१२६. सामुदायिक विद्यालयलाई शैक्षिक अब्बलताको अग्रभागमा राख्न शैक्षिक विकासका ४ "प"- पँहुच, प्रविधि, पूर्वाधार र प्रोत्साहनको सिद्धान्त अनुरुपको कार्यलाई थप महत्व दिदै क्रमशः अघि बढाउदै लगिनेछ ।

१२७. शिक्षाको माध्यमबाट सभ्य, खुशी, सुखी, स्वस्थ, शान्त, सु-संस्कृत, शिक्षित, समृद्ध र समतामूलक समाजको निर्माण गरिनेछ।

१२८. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न र शिक्षकहरूको पेसागत प्राविधिक तथा नविनतम सक्षमताको विकास गर्न मागमा आधारित विभिन्न क्षमता विकासका तालिम र कार्यशालाहरूको व्यवस्था गरिनेछ ।

१२९. नेपाल सरकारको शैक्षिक नीति, ऐन, कानून र मापदण्डअनुसार विद्यालय समायोजन, नामाकरण, तह वृद्धि तथा घटुवा, तथ्याङ्क शुद्धिकरण, शिक्षक दरबन्दी मिलान, सरुवा, काज सरुवा, करारमा शिक्षक छनौट/सिफारिस, नियुक्तिका कार्यहरु गरिनेछ । साथै, कम्तिमा प्रत्येक २/२ वर्षमा तथा आवश्यकता



हिदम लामा
अध्यक्ष

Scanned with CamScanner

अनुसार शिक्षकलाई पालिका भित्रका विभिन्न विद्यालयहरुमा सरुवा तथा काज सरुवा गरिने, कार्य सम्पादन करार सम्झौता गरी प्रत्येक ३/३ वर्षमा प्र.अ.को भूमिकामा फेरबदल गर्ने ( कायम गर्ने, सुधार गर्ने, हटाउने तथा परिवर्तन गर्ने) नीति लिइने छ ।

१३०. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा सञ्चालित विद्यालय दिवा खाजा कार्यक्रम नतीजामूलक,प्रभावकारी, पोषणयुक्त, स्वस्थवर्धक तथा गुणस्तरीय बनाउन पालिकास्तरीय दिवा खाजा व्यवस्थापन कार्यविधि र दिवाखाजा मेन्यु लागु गर्दै विद्यालयलाई पूर्ण रुपमा पत्रु खाना (Junk Food) निषेधित क्षेत्रको रुपमा स्थापित गर्दै स्थानीय तथा रैथाने कृषि उपजको प्रयोग गरि घरेलु उत्पादनमा आधारित दिवा खाजा ढाँचा(Home Grown School Feeding Approach) अपनाइने छ ।

१३१. सबै विद्यालयहरूका शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न सबै विद्यालयमा सरसफाई, स्वच्छ खानेपानी, न्यूनतम शैक्षिक तथा भौतिक पूर्वाधार सुनिश्चित गर्दै निशुल्क सेनेटरी प्याड, आईरन चक्की वितरण, मनोपरामर्श सेवा, पोषण साक्षरता, छात्रवृति वितरण, अभिभावक शिक्षा र निशुल्क शैक्षिक, खेलकुद र संगित सामाग्री वितरण कार्यक्रम सञ्चालन गरिने छ र गाँउपालिका अन्तर्गतका प्रत्येक विद्यालयको महिनामा कम्तिमा एक पटक अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण गरिने छ र सुपरीवेक्षणमा जाँदा दैनिक भ्रमण/फिल्ड/आतेजाते/ भत्ता, स्रोत कक्षा पारीश्रमिक र सवारी साधनको उचित व्यवस्था मिलाईनेछ ।

१३२. प्राविधिक तथा उत्पादनमुखी शिक्षा, समृद्ध भीमफेदीको इच्छा" भन्ने नारालाई मूर्तरुप दिन प्राविधिक शिक्षालाई निरन्तरता दिइने र माटो सुहाउँदो उत्पादनमुखी शिक्षालाई उद्-घोष गर्ने स्थानीय पाठ्यक्रम, पाठ्यसामाग्री (कक्षा १ देखी ८ सम्म) र १० वर्षीय शैक्षिक योजना निर्माण गरी कार्यान्यनमा ल्याईनेछ।

१३३. विद्यालयका कार्यालय सहयोगी र लेखापाललाई ७/७ हजारका दरले र बालविकास सहजकर्ताहरूलाई ५ हजारका दरले गा.पा.बाट थप पारिश्रमिकको व्यवस्था गरिने र कार्य सम्पादनमा आधारित उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

१३४. विद्यालयमा अध्ययनरत विद्यार्थीहरू र समाजका युवाहरूलाई खेलकुदका माध्यमबाट अनुशासन, स्वस्थ शरीर र मस्तिष्क लगायत सर्वाङ्गीण पक्षको विकासको लागि अतिरिक्त क्रियाकलाप,खेलकुद र राष्ट्रपति रनिङ शील्ड कार्यक्रम सञ्चालन गरिने र स्थानीयस्तरीय, जिल्लास्तरीय र राष्ट्रस्तरीय खेलकुदमा सहभागिताको व्यवस्था गरिनेछ ।

१३५. स्थानीय कला, साहित्य र सँस्कृतीको उजागर, प्रवर्धन र संरक्षण गरिनेछ । साथै, अभिछिन्न शिक्षक र कर्मचारीहरूको क्षमता उपयोग गर्ने र शिक्षक स्वर्णीम अवकाशको व्यवस्था गरिनेछ ।

१३६. परीक्षालाई मर्यादित, स्तरीय, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि कक्षा ५ देखी ९ सम्मको सम्पूर्ण परीक्षाको व्यवस्थापन गाउँपालिकामा गाउँपालिकास्तरीय परीक्षा समिति/बोर्ड गठन गरी सो समितिबाट व्यवस्थापन गरिनेछ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१३७. प्रत्येक शुक्रबारका दिन किताव रहित (book free day) लागु गर्दै सो दिन अतिरिक्त क्रियाकलाप, खेलकुद, प्रतिभा पहिचान, सीप बिकास (सिलाई कटाई, फेटा/स्यामा बुनाई, चित्रफुँगा बुनाइ, कृषि कार्य, मोबाईल/कम्प्यूटर मर्मत, नैतिक, नाटक प्रर्दशन, क्षमता प्रर्दशन, शैक्षिक सामग्री निर्माण आदि जस्ता), कार्यक्रम लागु गरिनेछ ।

१३८. सुशासन र सूचनाको हक प्रवर्धन गर्न शैक्षिक समिक्षा, बैठक, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गरी शैक्षिक बुलेटिन तथा प्रतिबेदन प्रकाशन गरिनेछ र प्रत्येक शिक्षक र विद्यार्थीहरुलाई शिक्षक र विद्यार्थी डायरीको व्यवस्था गरिनेछ ।

१३९. निजी तथा संस्थागत विद्यालयलाई गाउँपालिकाको मातहतमा ल्याईनेछ, नियमन गरिने छ, शुल्क निर्धारण गरी एकरुपता कायम गरिनेछ र त्यस्ता विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षा ऐन नियम बमोजिम कम्तिमा १० प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था कडाईका साथ लागू गरिने छ ।

१४०. भीमफेदी गाउँपालिका वडा नं. ९ को श्री पोखरी प्रा.वि.को विद्यालय भवन निर्माण तथा नमूना प्रा वि खर्कलेकको भवन निर्माण कार्य सम्पन्न गरिने छ ।

## स्वास्थ्य

१४१. १५ सैयाको पृथ्वीचन्द्र अस्पत्तालको भवन निर्माण सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि सेवा संचालनमा ल्याइने छ ।

१४२. सबै वडाहरुमा सुविधासम्पन्न स्वास्थ्य सेवा केन्द्रहरु स्थापना गर्ने गाउँपालिकाको नीति अनुसार वडा न ७ को कोगटे स्वास्थ्य चौको भवनको निर्माण कार्य आगामी आ व मा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

१४३. आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन नबनेका वडाहरुमा मापदण्ड अनुरुपको भवन निर्माण गरी आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ ।

१४४. बाह्य खोप केन्द्र तथा गाउँघर क्लिनिकको भवन निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।

१४५. वडा न ३ को इच्चुङ्ग र वडा न ९ को बाघमारामा वर्थिङ सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

१४६. विपन्न नागरिकहरुको उपचारका लागि आवश्यक प्रबन्ध गरिने छ ।

१४७. भीमफेदी गाउँपालिकामा आयूर्वेद आरोग्य केन्द्र स्थापना तथा संचालन सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

१४८. जीवनमा आमावुवाको महत्व दर्शाउनको लागि सामुदायिक सचेतना सहित जेष्ठनागरिक स्याहार तथा घरघरमा प्रशामक सेवा संचालनको लागि कार्यक्रमको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१४९. समुदायमा देखिएको नसर्ने रोगहरुको प्रकोपलाई मध्यनजर गर्दै सो सम्वन्धि सामुदायिक सचेतना कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि कार्यक्रम तय गरिनेछ ।

१५०. आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती पोषणको लागि गर्भवती महिलाहरुलाई अण्डा वितरण तथा स्वास्थ्य संस्थामा सुत्केरी भएमा आमाहरुलाई प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ ।

१५१. संस्थागत प्रसुतिका लागि फ्रि एम्बुलेन्स कार्यक्रम संचालन गरिनेछ ।

१५२. फ्रि ब्लड ट्रान्सफ्युजन कार्यक्रम संचालन गरी आकस्मिक रुपमा रगत आवश्यक पर्ने विरामीहरुलाई निःशुल्क रुपमा मानव रगतको व्यवस्था गरिनेछ ।

१५३. स्वस्थ र सचेत नागरिक निर्माणको लागि आवश्यक स्वास्थ्य सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१५४. स्वास्थ्य बीमा कार्यक्रमलाई वढावा दिदै स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चितताको लागि कार्य गरिनेछ ।

१५५. ग्रामीण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरी गर्भवती महिलाहरुको स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

१५६. संघ र प्रदेश सरकारबाट हस्तान्तरित स्वास्थ्य सेवा सम्वन्धी कार्यहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१५७. सम्पूर्ण गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ। सो को लागि आवश्यकता र संभावनाका आधारमा ठूलो, मझौला र साना खानेपानी आयोजना सञ्चालन गरिनेछ ।

१५८. खानेपानीको समस्या रहेका विभिन्न क्षेत्रहरुमा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१५९. खानेपानीको मुहान संरक्षण तथा खानेपानीको आवश्यक मर्मत सम्भारको लागि आवश्यक वजेट विनियोजन गरिने छ ।

## संस्कृति प्रवर्द्धन र सम्पदा संरक्षण

१६०. परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रीतिरिवाज, परम्परा, चालचलन र प्रथा परम्परा, चाडपर्वहरुलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ ।

१६१. गाउँपालिकामा रहेका वहुजाती, वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक मूल्य मान्यतालाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१६२. धार्मिक आस्था र मान्यता अनुरुपका मठमन्दिर, गुम्बा तथा चर्चहरुको निर्माण, मर्मत तथा संरक्षणमा यथोचित लगानी गरिनेछ ।

१६३. परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रीतिरिवाज, परम्परा, चालचलन र प्रथा परम्परा, चाडपर्वहरुलाई समयानुकूल परिमार्जन गर्दै संरक्षण गरिनेछ ।

१६४. साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संवर्द्धन र प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोगलाई निरन्तरता दिइनेछ ।

१६५. कला, साहित्य मार्फत राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्याउनुहुने महानुभावहरुलाई यथोचित सम्मान गरिनेछ ।

१६६. भीमफेदी गाउँपालिका अन्तर्गत पर्ने भीमफेदी बजार, भैसें, निबुवाटार लगायतका क्षेत्रमा रहेका पुरातात्त्विक सम्पदा तथा धरोहरहरुको अध्ययन गरी सुचीकृत गरिने छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१६७. विभेद, बञ्चितिकरण तथा बहिष्करणमा परेका वर्ग तथा समुदायको शासन, विकास र सेवा प्रवाहमा सार्थक सहभागिताको सुनिश्चितता प्रदान गरी अपनत्व प्रदान गरिनेछ ।

१६८. गाउँपालिकाको योजना तथा कार्यक्रमहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिने छ ।

१६९. यस पालिकाभित्रका दलित समुदायको समग्र विकासका लागि गाउँपालिकास्तरीय दलित नीति तयार गरिने छ ।

१७०. भीमफेदी गाउँपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त, पूर्ण खोपयुक्त, वातावरणमैत्री गाउँपालिका बनाउने नीति लिइनेछ ।ज्येष्ठ नागरिकको सुरक्षा र सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

१७१. अपाङ्ग वाल अस्पताल तथा पुनर्स्थापन केन्द्र, वनेपासँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परीक्षण, सहायक सामग्री नाप जाँच तथा वितरण गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको उपचार सेवा तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७२. भीमफेदी गाउँपालिकालाई वालमैत्री गाउँपालिका घोषणा गर्नका लागि निर्माण गरिएको कार्ययोजना वमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७३. पालिकाक्षेत्रभित्र रहेका अति विपन्न नागरिकहरुका लागि निशुल्क स्वास्थ्य विमाको लागि आवश्यक व्यवस्था गरिने छ ।

१७४. लैङ्गिक हिंसा, सामाजिक विभेद तथा विभिन्न कारणले पिडामा परेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१७५. यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने अति सिमान्तीकृत विपन्न चेपाङ समुदायको हित र उन्नतिका लागि विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । चेपाङ बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ । स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

१७६. अव्यवस्थित बसोबासी, भूमिहीन दलित र सुकुम्बासीहरुलाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन पहल गरिनेछ।

## स्थानीय न्यायिक कार्यसम्पादन

१७७. गाउँपालिकाभित्र हुने सानातिना देवानी प्रकृतिका विवाद समाधान गरी समुदायस्तरमा दिगो शान्ती स्थापना गर्न न्यायिक समितिका सदस्य तथा प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम र क्षमता विकास कार्यक्रम गरी न्याय सम्पादन कार्यलाई छिटो र विश्वसनीय बनाइनेछ

१७८. गाउँपालिकामा न्यायिक समिति रहने संवैधानिक व्यवस्था बमोजिम न्यायिक इजलास मार्फत हुने न्यायिक सम्पादनको कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१७९. न्यायिक समितिका लागि विषयगत दक्षता भएका जनशक्तिको व्यवस्था गरी आवश्यक तालिम प्रदान गरिनेछ ।

१८०. न्यायिक समितिबाट भएको कार्यहरुको सन्दर्भमा न्यायिक डकुमेन्ट्री भिडियो बनाई जानकारी तथा प्रचारप्रसार गरिनेछ ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

## (ग) पूर्वाधार विकास तर्फ

१८१. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय सम्म जोड्ने सडकलाई क्रमशः कालोपत्र वा स्ल्याव ढलान. गरिने छ ।त्यसैगरी वडाका मुख्य सडकहरुको पनि स्ल्याब ढलान गरिँदै लगिने छ ।सडकलाई आर्थिक विकासको कार्यसँग सामञ्जस्य गरिने छ ।सडकमा परेका जग्गाहरुको लगत कट्टा गरी सडक नक्साङ्कन कार्यको सुरुवात गरिनेछ ।

१८२. गाउँपालिकाका रणनैतिक सडकको रुपमा रहेका वडा नं ७ र ८ को कोगटे-धार्के-स्वाँरा हुँदै कान्तिलोकपथ जोड्ने सडक, वडा नं ४ २ र ९ जोड्ने रानीखोला-धामीडाँडा-रानी भन्ज्याङ्ग सडक, वडा नं ५ र ३ जोड्ने सुपिङ्ग-ज्यामिरे-अम्लिङ-पान्द्राङ सडक, वडा नं ६ र ९ जोड्ने धोर्सिङ-ढङ्गाघारी-अघोर-माण्डु-चापाघारी सडक, वडा न १ को सानुटार-किसेडी-मच्छेवास हुँदै कैलाश गाउँपालिकाको

हिदम लामा
अध्यक्ष



CS Scanned with CamScanner

घैराङ जोड्ने सडक, बरदेउ-सिन्की-खाडल-[illegible]-ममहरी-बासुकी-बाघमारा सडकको ट्र्याक खोल्ने र स्तरीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखी बजेट विनयोजन गरिने छ ।

१८३. सडक सञ्जाल नपुगेको बस्तीस्तरमा सडक सेवा विस्तार गरिने छ । हालसम्म निर्माण सम्पन्न भएका सडकहरुको क्रमशः स्तरोन्नती गर्दै दिगो र बाह्रै महिना सञ्चालन हुने किसिमको बनाइनेछ ।

१८४. भीमफेदी बजार क्षेत्रका मुख्य तथा भित्री सडकहरुलाई ढलको व्यवस्थापन सहित कालोपत्र वा स्ल्याव ढलान गरी सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१८५. गाउँपालिका स्तरीय यातायात गुरुयोजनाले तोकेको मापदण्ड बमोजिम व्यवस्थित, सुरक्षित र वातावरणमैत्री सडक निर्माणलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

१८६. आफ्नै स्वामित्वको भवन नभएका वडा कार्यालयहरुका लागि क्रमशः जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ ।

१८७. भीमफेदी गाउँपालिका वडा नं ४ चिउरी बगैंचामा गाउँपालिकास्तरीय रंगशाला निर्माणका लागि बजेट विनियोजन गरिने छ ।

१८८. ग्रामीण विद्युतीकरण कार्यको स्तरोन्नती गरी भोल्टेज सुधार सहित सुरक्षित विद्युतीकरणको कार्य गरिनेछ।

१८९. गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा काठका पुल विस्थापन गर्दै झोलुङ्गे पुल निर्माण गरिनेछ। साथै ठूला बस्ती तथा स्थानहरुमा पक्कीपुल तथा फलामेपुल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१९०. सिँचाई सुविधा नपुगेका स्थानका लागि प्राथमिकता दिई सिँचाई आयोजना सञ्चालन गरिनेछ । मर्मत सम्भार गर्नुपर्ने, सुधार गर्न आवश्यक सिँचाई कुलो निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१९१. दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी संचारको पँहुच नभएका तथा नेटवर्क कमजोर भएका क्षेत्रमा टेलिफोन नेटवर्क र इन्टरनेट सेवा विस्तार गरिनेछ ।

१९२. घर नक्सापासको मापदण्ड/कार्यविधि तयार गरी आगामी आ.व.देखि कार्यान्वयन गरिने छ ।

१९३. प्राकृतिक श्रोत तथा खानीको समन्यायिक उपयोगका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको संभावित क्षेत्रको पहिचान गरी लगत संकलन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ ।

१९४. संघ र प्रदेश सरकारद्वारा यस गाउँपालिकाभित्र सञ्चालनका लागि विनियोजित कार्यक्रम तथा आयोजनाहरु दोहोरोपना हुन नदिन आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१९५. गाउँपालिकाको विपत् व्यवस्थापन रणनीतिक योजना तयार गरिने छ ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

१९६. गाउँपालिका क्षेत्रभित्र हुनसक्ने संभावित विपद जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ । विपदको समयमा तत्काल उद्दार, राहत वितरण, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ ।

१९७. विगत दुई दशकभन्दा बढी अवधिदेखि बन्द अवस्थामा रहेको हेटौंडा-धोर्सिङ-काठमाडौं रोप-वे हाल जीर्ण अवस्थामा रहेको र उक्त रोप-वे का पुराना तार र पार्टपुर्जाका कारण जुनसुकै समयमा भयानक दुर्घटना निम्तनसक्ने अवस्था रहेको हुँदा संघीय र प्रदेश सरकारलाई यथाशीघ्र आवश्यक व्यवस्थापन गर्न पहल तथा अनुरोध गरिने छ ।

१९८. संभावित विपद जोखिमको पूर्वसतर्कता र पूर्वतयारी सम्वन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । मनसुनजन्य तथा जलउत्पन्न प्रकोपबाट हुने क्षतिलाई कम गर्न नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१९९. गाउँपालिका भित्रका सबै प्रकृतिका वनक्षेत्रहरुको अभिलेख राखिने छ, सामुदायिक वनलाई थप जिम्मेवार बनाउन सम्बन्धित निकायसँग सहकार्य गरिने छ । वनडढेलो नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२००. जैविक विविधतायुक्त यस गाउँपालिकाको वन क्षेत्रको संरक्षण, विकास तथा बहुउपयोग गर्ने नीति लिइनेछ ।

२०१. बायो इन्जिनियरिङमा आधारित सडक तथा पूर्वाधार विकासमा जोड दिइ वातावरणीय क्षति न्युनीकरण गरिनेछ ।

२०२. विपद व्यवस्थापन समितिलाई प्रभावकारी ढंगबाट कार्य अघि बढाउनको लागि सम्बन्धित पदाधिकारी, कर्मचारी, वडास्तरीय विपद व्यवस्थापन समितिलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२०३. गाउँपालिकाको विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ ।

२०४. गाउँपालिकाभित्रको फोहोरमैला व्यवस्थापन गर्न आवश्यक कार्य गरिने छ ।

## (ङ) सुशासन तथा संस्थागत विकास तर्फ

२०५. गाउँपालिकामा रिक्त रहेका दरबन्दीको क्रमशः पदपूर्ति गरिँदै लगिने छ । गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यक्षमता र कार्यकुशलतामा वृद्धि गर्न आवश्यक तालिम, गोष्ठीको व्यवस्था गरी कर्मचारी प्रशासनलाई सबलीकरण गरिनेछ । सेवा निवृत राष्ट्रसेवक कर्मचारीहरुको ज्ञान, सीप र अनुभवलाई उपयोगमा लिइने छ ।

२०६. वडा कार्यालयहरुको संस्थागत क्षमताको विकास गरी सेवा प्रवाहको केन्द्रका रुपमा विकास गरिने छ ।

२०७. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा प्रवाहलाई थप सरल, सहज, गुणस्तरीय विश्वसनीय र प्रविधिमैत्री बनाइनेछ।

हिदम लामा
अध्यक्ष



Scanned with CamScanner

२०८. कर्मचारीको कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कार वितरण गरिनेछ । कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहनको व्यवस्था गराई कार्यालयको कामप्रति थप जिम्मेवार बनाइनेछ ।

२०९. पदाधिकारी कर्मचारीहरुलाई असल अभ्यास अनुसरण तथा अवलम्बन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

२१०. कर्मचारी कल्याणकोष सम्बन्धी कार्य सञ्चालन गरिनेछ।

२११. सेवाग्राहीलाई गाउँपालिकाबाट लिने सेवामा सहजीकरण गर्नका लागि हेल्प डेस्कको स्थापना गरी संचालन गरिने छ ।

२१२. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने विभिन्न संभाव्य श्रोतहरुको खोजी र प्रयोग गरिनेछ। आन्तरिक आयको दर र दायरामा समसामयिक परिवर्तन गर्दै आय संकलन वृद्धि गरिनेछ ।

२१३. नवीनतम् प्रविधिको प्रयोग गरी राजस्वको संकलनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयबाट सफ्टवेयर प्रणालीमार्फत राजस्व संकलन गर्ने व्यवस्था लागू गरिनेछ ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा आगामी आ.व.२०८१/८२ को लागि बनेको बार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक, वातावरणीय लगायत समग्र पक्षमा सुधार आई गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको अपेक्षित उपलब्धि हासिल भएको हुनेछ । प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूर्वाधारको विकास र उत्थानशीलता मार्फत गाउँपालिका सबल, सक्षम, आत्मनिर्भर र समृद्धिको बाटोतर्फ उन्मुख हुनेछ । यसबाट सामाजिक न्याय कायम भई समतामूलक समावेशी समाज निर्माणको आधार तयार हुनेछ भन्ने अपेक्षा गरेको छु ।

अन्त्यमा,

भीमफेदी गाउँपालिकाको विकास, सुशासन र संमृद्धिको लागि योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राष्ट्र सेवक कर्मचारी, राजनैतिक दल, शिक्षक, बुद्धिजीवी, विकास साझेदार, श्रमिक, निजी क्षेत्र, वित्तीय संघसंस्था सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघसंस्था, संचार जगत, आम भीमफेदीबासीहरु लगायत गाउँपालिकाका शुभचिन्तक महानुभावहरु सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्भावित मनसुनजन्य प्रकोपबाट हुन सक्ने जोखिमलाई मध्य नजर गरी पूर्व सतर्कता तथा सुरक्षात्मक उपायहरु अपनाउन सम्पूर्ण भीमफेदी गाउँपालिका वासीमा अनुरोध गर्दै आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रमको प्रस्तुति यही समाप्त गर्न चाहन्छु। धन्यवाद। ।

हिदम लामा

अध्यक्ष



Scanned with CamScanner

संजिव श्रेष्ठ

उपाध्यक्ष

भीमफेदी गाउँपालिका

२०८१/३/१०

हिक्मत लामा

अध्यक्ष



Scanned with CamScanner